महाशिला गाउँपालिकाको गाउँसभामा २०७७ आषाढ ९ गते मंगलबार
उपाध्यक्ष श्री हिरा कुमारी रानाले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/७८ को
# बजेट वक्तव्य

महाशिला गाउँपालिका
बालाकोट, पर्वत
२०७७

**सभाध्यक्ष महोदय,**

१. महाशिला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष विद्यमान विषम परिस्थितिका विच वर्तमान सरकारको चौथो वर्षको वजेट प्रस्तुत गरि रहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्ने तथा विकास निर्माण कार्यलाई गुणस्तरी रुपमा व्यवापक जनसहभागिता सहित कार्यन्वयन गर्ने र स्थानीय स्तरमा स्वरोजगार सृजना गर्दै विदेशबाट फर्कि आएका दाजुभाई तथा दिदीबहिनीहरुलाई व्यवसायिक कृषि, पशुपालनमा संलग्न गराउनु पर्ने विषयमा गहन जिम्मेवारी बोध गरी आगामी आ.व. २०७७।७८ को बजेट प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएकी छु। यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरि समृद्ध महाशिलाको परिकल्पनामा साथ दिनुहुने सम्पूर्ण महाशिलाबासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

२. सिमित स्रोत साधनको बाबाजुत पनि जनताका आधारभुत आवश्यकता पूरा गर्दै स्रोतको समन्यायिक वितरण तथा महोत्तम उपयोग मार्फत समृद्ध महाशिला निर्माणको महाअभियानमा महाशिला गाउपालिका प्रतिवद्ध छ । यस महाअभियानमा आर्थिक, भौतिक एवं नैतिक साझेदारहरु केन्द्र सरकार, गण्डकी प्रदेश सरकार, विभिन्न दातृ निकाय एवं महाशिलाबासी प्रति म आभारी छु ।

३. स्थानीय सरकार गठन भएको तिन बर्ष वितिसकेको अवस्थामा हामीले यस अवधिमा स्थानीय सरकारलाई संस्थागत गर्दै जनताले महशुश गर्ने किसिमले सेवा प्रवाह तथा विकास निर्माणको काममा अगाडि बढिरहेको र यसलाई निरन्तर र अझै परिस्कृत रुपमा अगाडि बढ्न गाउँपालिका प्रतिवद्ध र तत्पर छ । संविधानले निर्दिष्ट गरेको संघ प्रदेश र स्थानीय तह वीचको सहाकारीता, सहअस्थित्व र समन्वयको सिद्धान्तलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व पारदर्षिता सुनिश्चित गरि शुलभ र गुणस्तरीय सेवा प्रवाह कानुनी राज्य र दिगो विकासको अवधारण अनुरुप समाजबाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्थानीयतह देखि नै सुदृढिकरण गरी विधायीकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न गठित स्थानीय सरकारको रुपमा आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गैरावान्वीत महशुस गरेकी छु ।

४. गत बर्ष र चालु आर्थिक बर्षको बजेट कार्यान्वयनबाट महाशिला गाउँपालिकामा सुशासन, विकास र समृद्धिको दरिलो आधार खडा भएका छन् । साथै सामाजिक न्याय, गरिवि निवारण, रोजगारी सिर्जना मार्फत उद्यमशिलताको विकास मार्फत जनताको जीवनस्तरमा व्यापक सुधार र भौतिक पूर्वाधारको विकासका महत्वपूर्ण आधार खडा भएको कुरामा म विश्वस्त छु ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले जनताका आवश्यकता र मागहरुलाई प्राथमिकतामा राखेकी छु। साथै यो वर्ष हासिल भएका उपलब्धिहरुलाई संस्थागत गदै विकासका थप आधारशिला खडा गर्न बजेट केन्द्रित गरेकी छु। साथै बजेट मार्फत निम्न विषयहरुलाई समेट्ने प्रयास गरेकी छु ।

- आर्थिक विकास, गरिवी निवारण र रोजगारीको सिर्जना
- कोरोना लगाएत अन्य आकस्मिक
- पुर्वाधार विकास
- उत्पादनमुलक तथा छिटो प्रतिफल दिने विषयहरु
- जनताको जीवस्तर उकास्ने कार्यक्रम
- स्थानीय स्रोत सीप र साधनको प्रयोग एवं स्थानीय सहभागिता
- लैङिगक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्याय
- दिगो विकास, वातावरणीय संरक्षण तथा संम्वर्द्धन
- पारदर्शिता, उत्तरदायित्व, सुचनाको हकमार्फत सुशासनको अभिवृद्धि

६. आगामी आ.व.को बजेट तर्जुमामा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, गाउँपालिकाले लिएको नीति , गाउँपालिकामा निर्मित कानुन तथा मापदण्ड, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, संघ तथा प्रदेशको नीति बजेट तथा कार्यक्रम, स्थानीय स्रोतसाधन, स्थानीय आवश्यकता, विषयगत एवं विभिन्न समितिसंगको छलफल र स्थानीय विभिन्न पक्षहरुको सल्लाह

सुझावलाई आधार मानि विद्यमान परिस्थितीको सामना गरि हाल सम्म भएका उपलव्धीहरुलाई संस्थागत गर्दै सिमित स्रोत र साधनको महोत्तम सदुपयोग गरी सार्थक, सहभागिता मूलक लोकतान्त्रीक पद्धतीबाट नागरिकले खोजेको, रोजेको, चाएको विकास र समता मूलक समाज निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै प्रगतीशिल र उदयीमान गाउँपालिकाको रुपमा यस गाउँपालिकालाई विकास गर्न यो बजेट बनाएकी छु ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाको गत वर्षको यथार्थ , चालु आर्थिक वर्षको संसोधित अनुमान र वित्तिय परिचालनमार्फत भएका उपलब्धि बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु ।

गत आर्थिक वर्षमा गाउँपालिकामा केन्द्र र प्रदेशबाट वित्तिय समानीकरण, राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानी समेत गरि प्राप्त जम्मा रकममा चालु खर्चमा ६४.९० प्रतिशत, पूजीगत ५४।९६ प्रतिशत र ससर्त अनुदानको १२६५४८०००।( बाह्र करोड पैसठ्ठी लाख अठ्चालिस हजार) मध्ये ८७।७७ प्रतिशत खर्च भएको छ । त्यस्तै सामाजिक सुरक्षामा ८१।८८, गरिब संग विश्वेश्वर कार्यक्रममा ९१।२१ प्रतिशत, एल.जी.सि.डि.पि तर्फ १०० प्रतिशत र पर्यटन वोर्ड तर्फको ५० प्रतिशत गरी कुल ८३ प्रतिशत खर्च प्रगति भएको थियो ।

७. चालु आर्थिक वर्षमा आन्तरिक आयतर्फ रु ७३ लाख ७७ हजार २ सय अनुमान गरिएकोमा १७ लाख राजश्व संकलन हुने संसोधित अनुमान छ । खर्चतर्फ गत बर्षको बाँकी रकम १ करोड ९७ लाख ४८ हजार ८१० अनुमान गरिएकोमा रु १ करोड ९० लाख ८१ हजार १ सय ५७ मात्र बाँकी रहेकोले आम्दनी तर्फ केही रकम घट्ने संसोधित अनुमान छ । त्यस्तै खर्चतर्फ वित्तिय समानीकरण, राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानीबाट छुट्टाईको चालु खर्च रु ५२४४२४९०।-(पाँच करोड चौविस लाख बयालिस हजार चार सय नब्बे) मध्ये ११ महिनामा रु २७६९०५५०।-(दुई करोड छ्याहत्तर लाख नब्बे हजार पाँच सय पचास रुपैया मात्र) ६२।८० प्रतिशत खर्च भएकोमा असार मसान्त सम्म करिब ७५ प्रतिशत खर्च हुने संसोधित अनुमान छ । त्यस्तै वित्तिय समानीकरण, राजश्व वाँडफाँड र आन्तरिक आयमा विनियोजित पूँजीगत रु ९ करोड ४८ लाख ६७ हजार ५ सय २० मध्ये ११ महिनामा ६१।६० प्रतिशत खर्च भई सकेको छ भने केही ठुला योजनाको भुक्तानी बाँकी रहेकोले असार मसान्तसम्म ८२ प्रतिशत पूँजीगत खर्च हुने संसोधित अुनमान छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वजेटको सोच तथा लक्ष्य प्रस्तुत गर्न चाहन्छु ।

सोच : दीगो, समन्यायिक, समावेशी विकास मार्फत सुसंस्कृत र समृद्ध महाशिला निर्माण बजेटको सोच रहेको छ ।

लक्ष्य: आर्त्मनिर्भरताको माध्यमबाट महाशिलाबासीको जीवनस्तर सुधार गरी सुखी र खुशी नागरिक बनाउनु बजेटको लक्ष्य रहेको छ ।

**उदेश्य:** पुर्वाधारको विकास, सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, खाद्य सुरक्षा, प्राविधिक र व्यवसायिक शिक्षा, रोजगारीको सिर्जना , समावेशी र सामाजिक न्यायमा आधारित समाज, मानवअधिकार, सन्तुलित विकास र उपलब्ध स्रोत साधनको न्यायोचित वितरण वजेटको उद्देश्य रहेको छ ।

**सभाध्यक्षज्यू,**

अव म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र :** यस क्षेत्रको निम्ति ३ करोड ३७ लाख २३ हजार ८ सय ६० रकम विनियोजन गरेकी छु । जसबाट..

**११. महाशिलाको सरोकार एक घर एक रोजगार** भन्ने मुल नाराका साथ सुरु भएको महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्न र यस कार्यक्रमलाई निरन्तरता दिदै त्यसको लागि रु १ करोड १८ लाख विनियोजन गरेकी छु । विदेशमा रहेका युवाहरुलाई गाउँ फर्कि उद्यमी बन्नको निम्ती गाउँमा उद्यम घरमै रोजगारी घर फर्क प्यारा प्यारी कार्यक्रम/व्याज अनुदानको लागि रु १० लाख विनियोजन गरेकी छु ।

१२. कृषिलाई उत्पादनमुखी बनाउदै निर्यातउन्मुख बनाउने उदेश्यको साथ गत आर्थिक वर्ष देखी नै सुरु भएको एक घर एक टनेल कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेकी छु ।

१३. महाशिला गाउँपालिकालाई पर्यटकीय गन्तव्य बनाउन पर्यटन पूर्वाधारको विकास गर्नुपर्ने आवश्यकता देखी नेपालको नयाँ सयौ गन्तब्यमा पर्न सफल महाशिला क्षेत्रको डिपिआर बमोजिमको थप कामको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१४. पशुपालनको क्षेत्रमा कृषकलाई थप प्रोत्साहन होस, पशुजन्य उत्पादनमा हामी आत्मनिर्भर बन्न सकौ र लिमे पारकोटे पाडापाडी संरक्षण समेत होस भनी प्रति भैसी सुत्केरी ५ सयका दरमा भैसी सुत्केरी कार्यक्रमको लागि रु ३ लाख विनियोजन गरेकी छु। उत्पादन महाअभियानमा हाम्रो ध्यान दुध तरकारी र मासुमा सहकारी मार्फत अनुदान कार्यक्रमका लागि रु ३० लाख विनियोजन गरेकी छु ।

१५.कृषि क्षेत्रमा उत्पादन बढाउने र खाद्य सुरक्षका निम्ति बाँझो जग्गा खेती अभियान कार्यक्रमको लागि रु ३ लाख विनियोजन गरेकी छु।

१६. पशु क्षेत्रको विकास, कृषि क्षेत्रमा औजार सहयोग, तालिम, विउ, प्रविधि, मौरी घार अनुदान, घास विकास तथा विभिन्न फलफुलको विकासको लागि आवश्यक रकम विनियोजन गरेकी छु।

१७. विभिन्न लक्षित वर्गलाई आयआर्जनमा समावेश गर्ने गरी होजियारी र सिलाई कटाई तालिम, आरन सुधार, अपाङ्गता भएका व्याक्ति, जनजाति र द्वन्द्व पिडितको सहयोगको लागि रकम विनियोजन गरेकी छु।

**सामाजिक विकास क्षेत्र : यस क्षेत्रको विकासका निम्ति १ करोड ५३ लाख ८१ हजार ५ सय अठ्ठाइस रुपैया विनियोजन गरेकी छु। जसबाट....**

**१८.** शिक्षा क्षेत्रलाई प्रविधि मैत्री बनाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयमा इ-हाजिरी, इन्टरनेट सेवा ICT को विकासको निम्ती रु ५ लाख रकम विनियोजन गरेकी छु।

१९. महाशिला धुवाँकोट क्याम्पसको प्रशासनिक अनुदान तथा पूर्वाधार विकासको लागि रु ६ लाख तथा महाशिला गाउँपालिका अर्न्तगत महेन्द्रज्योति मा.वि मा सञ्चालन भएको व्यावसायिक शिक्षाको प्रशासनिक अनुदान तथा पूर्वाधार विकासको लागि रु ३ लाख विनियोजन गरेकी छु साथ सवै विद्यालयमा अंग्रेजी पाठ्यपुस्क अनुदान, विद्यालय मर्मत घेराबार, परीक्षा सञ्चालन, शैक्षिक क्यालेन्डर निर्माण र होमवर्क डायरी, चिल्डेन पार्क वाल उद्यान, अध्यक्ष असाहय वालवालिका छात्रावृत्ती कल्याणकारी कोष लगाएतका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

२०. भिडियो एक्सरे सेवाको लागि कुश्मा, पोखरा वा वालिङ्ग जानुपर्ने वाध्यतालाई अन्त्य गर्न गाउँपालिकाको वडा नं. ५ स्थित लुंखु प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे सेवा सञ्चालनको लागि रु १८ लाख विनियोजन गरेकी छु।

२१. महाशिला गाउँपालिकालाई नो होम डेलिभेरी घोषणा गर्ने अभियान र सुत्केरी महिलाको स्वास्थ्य अवस्थाको सुधारको लागि स्वास्थ्य संस्थामा सुत्केरी हुने सुत्केरी महिलालाई कुखुरा वा घिउ सहित घरमा भेट्न जाने उदेश्यले अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमको लागि रु २ लाख विनियोजन गरेकी छु।

२२. सामाजिक विकृति जाँड रक्सि जुवा तास विरुद्धको अभियानलाई निरन्तरता दिई पूर्ण सार्थकता दिलाउन आवश्यकता बमोजिम खर्च गर्ने गरी रु ३ लाख विनियोजन गरेकी छु।

२३. खेलकुद विकास र प्रर्वद्धन तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको लागि समेत आवश्यक रकम विनियोजन गरेकी छु।

**पूर्वाधार विकास : यस क्षेत्रको निम्ती ६ करोड ३८ लाख १ हजार ५ सय २८ रुपैया विनियोजन गरेकी छु। जसबाट.....**

**२५.** मल्काबाङ्ग लुंखु गानाबाङ्ग खण्डको कालोपत्र गर्ने योजना बहुबर्षिय ठेक्कामा भै रहेको उक्त सडकको कालोपत्रेको लागि आगामी आर्थिक वर्षको लागि रु ३ करोड ३८ लाख विनियोजन गरेकी छु।

२६.लुंखुदेउराली मिलनचोक भोक्सिङ्ग सुभेद्रीखर्क सडकको लागि संघिय सरकारबाट प्राप्त समपुरक योजनाको निम्ती गाउँपालिकाको तर्फबाट आवश्यक रकम रु ९० लाख विनियोजन गरेकी छु।

२७.गाउँपालिका अर्न्तगतका ६ वटै वडाका सडकहरुमा आवश्यक डि पी आर कार्य गर्नको निम्ती रु १५ लाख विनियोजन गरेकी छु।

२८. गाउँपालिकामा सूचनाको पहुँच बढाई जनतालाई थप सुसुचित हुने व्यवस्था मिलाउन एक एफ एम सञ्चालनको पूर्वाधार निर्माण तथा अन्य व्यवस्थापनको लागि १० लाख विनियोजन गरेकी छु।

**बन, वातावरण तथा विपद व्यवस्थापन : यस क्षेत्रमा ३० लाख ८७ हजार २ सय ३० रुपैया विनियोजन गरेकी छु। जसबाट ..........**

२९. गाउँपालिका क्षेत्रमा विभिन्न समयमा आउनसक्ने आकस्मिक विपद तथा संकटको अवस्थामा, हाल विश्वव्यापी रुपमा फैलिएको कोरना भाइरस विरुद्ध लड्न, आकस्मिक उद्धार तथा राहत उपलब्ध गराउन एक प्रकोप व्यवस्थापन कोष स्थापना गरी सोही कोषबाट रकम खर्च गर्ने गरी रु ९ लाख विनियोजन गरेकी छु ।

३०. पूर्ण सरसफाई कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेकी छु ।

३१. कृषकलाई कृषि पेशामा टिकाइराख्न बाँदरको आतंकबाट बसाईसराई गर्ने स्थिति नआओस भन्ने उदेश्यले बालाकोट लुंखु पाखापानी क्षेत्रमा बाँदर नियन्त्रण तथा खाद्य सुरक्षाको वृहत कार्यक्रम सञ्चालनको लागि रु ३ लाख विनियोजन गरेकी छु ।

३२. प्रत्येक टोलमा स्टेचर पुर्‍याउन स्टेचर खरिद, अर्थिङ्ग, वन तथा भु संरक्षणको लागि रकम विनियोजन गरेकी छु ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः यस क्षेत्रमा १५ लाख ८१ हजार १ सय १५ रुपैया विनियोजन गरेकी छु । जसबाट.....**

३३. गाउँपालिकाको वस्तुगत विवरण तयार भई सकेकोले योजनाबद्ध विकासलाई मुर्त रुप दिन आवधिक योजना तयार गर्न रु २ लाख विनियोजन गरेकी छु ।

३४. जनताको सूसुचित हुने अधिकारको प्रर्वद्धन गर्दै सार्वजनिक सुनुवाई, नागरिक वडापत्र निर्माण स्वास्थ्य तथा संघ संस्थाको लेखा परीक्षण, न्यायिक समिति क्षमता अभिवृद्धि तालिम समेत विभिन्न कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

३५. स्थानीय सेवा ऐन गठन नहुदा सम्म र ओ एण्ड एम सर्भे भई कर्मचारी पदपूर्ति नहुन्जेल केही कर्मचारी करार सेवामा निरन्तरता दिई/राखी सेवा प्रवाह सुचारु गरिनेछ ।

**सभाध्यक्षज्यू,**

३६. अव म आगामी बर्षको बजेट विनियोजन र स्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३७. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यन्वयनका गर्न रु ३४,४०,१८,२२३। ( चौतिस करोड चालिस लाख अठार हजार दुई सय तेइस मात्र ) विनियोजन पेश गरेको छु । जसमा जम्मा चालुखर्चमा राजश्व बाँडफाँड र आन्तरिक आयबाट प्रशानिक चालु खर्च २८४३५३५७। (दुई करोड चौरासी लाख पैतीस हजार ती सय सन्ताउन्न) ससर्त तर्फ संघीय सरकारको तोकिएको कार्यक्रम रु १५५८२००००। (पन्ध्र करोड अन्ठाउन्न लाख बीस हजार), संघिय सरकार समपुरक रु १ करोड ३६ लाख, विशेष अनुदान संघिय सरकार १ करोड २० लाख, शसर्त अनुदान प्रदेश सरकार रु ५० लाख रहेको छ । सामाजिक सुरक्षाको आवश्यक रकम अन्तर सरकारी अख्तियारी मार्फत व्यवस्था गरिएको छ । पुँजीगत खर्च, कार्यक्रम खर्च र विकास खर्च तर्फ रु ११ करोड ४१ लाख ६२ हजार ८ सय ६६ व्यवस्था गरिएको छ । त्यस्तै अन्य विषयगत मन्त्रालय एवं विभागबाट प्राप्त हुने रकम सहित जम्मा रु ३४,४०,१८,२२३। ( चौतिस करोड चालिस लाख अठार हजार दुई सय तेइस मात्र ) व्यय अनुमान पेश गरेकी छु ।

आगामी आ.व. २०७७।७८ को खर्च व्यहोर्ने स्रोतमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान ६,७२,००,००० (छ करोड बहत्तर लाख), ससर्त अनुदान चालु १५,५८२०,०००(पन्ध्र करोड अन्ठाउन्न लाख बीस हजार), राजश्व बांडफांड बाट ४ करोड ३९ लाख ३ हजार २ सय २३ रुपैयाँ, समपुरक अनुदान १ करोड ३६ लाख, विशेष अनुदान १ करोड २० लाख त्यस्तै प्रदेश सरकारबाट वित्तिय समानीकरण तर्फ १,२०,३९,००० (एक करोड बीस लाख उनन्चालिस हजार), राजश्व बांडफाँडबाट १५७६०००। (पन्ध्र लाख छ्यहत्तर हजार) तथा ससर्त अनुदान पूजीगत ५० लाख, विशेष अनुदान ५० लाख, आन्तरिक राजश्व तर्फ अनुमानित रु ६० लाख ८० हजार, र यस वर्ष खर्च नभई बाँकी रकम अनुमानित रु १,१८,००,०००(एक करोड अठार लाख) रहेको छ । संस्कृति तथा पर्यटन मन्त्रालय र अन्य निकायबाट रु १०००००००० (एक करोड) गरी जम्मा रु ३४,४०,१८,२२३। ( चौतिस करोड चालिस लाख अठार हजार दुई सय तेइस मात्र ) आय अनुमान पेश गरेको छु ।

**सभाध्यक्षज्यू,**

३८. अव म आगामी आर्थिक वर्ष २०७७।७८ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३९ . कर प्रणालीमा संरचनात्मक सुधार गर्दै करको दायरा फराकिलो पार्दै लगिनेछ। कर प्रणालीलाई वैज्ञानिक, अनुमानयोग्य र पारदर्शि प्रणालीको रुपमा विकास गरिनेछ। करयोग्य सवै किसिमको आयलाई करको दायरामा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो पारिनेछ।

४०. चालु आर्थिक वर्षमा लगाईएका करका दरहरुमा सामान्य हेरफेर गरेको छु। साथै करको दायरा विस्तार गर्न थप केही कराधार थप गरिएको छ।

४१. गत आ.व.को यथार्थ खर्च, चालु आ.व.को संसोधित खर्च अनुमान र आगामी आर्थिक वर्षको अनुमानित आय व्ययलाई अनुसूचीमा उल्लेख गरेकी छु।

अन्त्यमा, बजेट निर्माणको लागि मार्गदर्शन गर्नु हुने श्रीमान अध्यक्षज्यू, वडाअध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी प्रति आभारी छु। विभिन्न विषयगत समिति, राजनीतिक दल, सरकारी एवं गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजिवी एवं आम महाशिला बासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। साथै आगामी आर्थिक वर्षको बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु।

**धन्यवाद ॥**

**हिरा कुमारी राना**
उपाध्यक्ष
महाशिला गाउँपालिका

# ७.१ आय तथा व्ययको प्रक्षेपण

अनुसूची १

| शीर्षक आय | आ.व. २०७७/७८ को अनुमान |
|---|---|
| राजस्व | ३४४०१८२२३ |
| आन्तरिक श्रोत | ६०८०००० |
| ११३१४ भुमिकर/मालपोत | २४००००० |
| ११३२१ घरवहाल कर | ९०००० |
| 11322 घरजग्गा रजिष्टेशन शुल्क | ५०००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ५००००० |
| १४२४३ सिफारिश दस्तुर | १९००००० |
| १४२६५ अन्य क्षेत्रको आय | ० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ४५०००० |
| १४५२९ अन्य राजस्व | ४००००० |
| 11322 वहाल विटोरी कर | ५०००० |
| १४६११ व्यवसाय कर | २४०००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ४५४७९२२३ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ३५०००००० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | ८९०३२२३ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | १५७६००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| संघीय सरकार | २४८६२०००० |
| १३३११ समानिकरण अनुदान | ६७२००००० |
| १३३१२ शसर्त अनुदान चालु | १५५८२०००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १३६००००० |
| १३३१८ विशेष अनुदान | १२०००००० |
| प्रदेश सरकार | २२०३९००० |
| १३३११ समानिकरण अनुदान | १२०३९००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०००००० |
| १३३१९ विशेष अनुदान | ५०००००० |

| | |
|---|---|
| वित्तीय व्यवस्था (प्राप्ति) | ० |
| बजेट न्यून (-) गत वर्षको मौज्दात | ११८०००० |
| पर्यटन तर्फ | १०००००० |

नेपालको संविधानको धारा २२९ बमोजिम संचित कोषवाट विनियोजन हुने रकम रू

| शीर्षक | |
|---|---|
| व्यय | ३४४०१८२२३ |
| चालु / प्रशासनिक खर्च | २८४३५३५७ |
| २११११ पारिश्रमिक कर्मचारी | ८५०७९५२ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ५०००००० |
| २११२१ पोशाक | ४५०००० |
| २११३१ स्थानीय भत्ता | २२५००० |
| २११३२ महंगी भत्ता | ४५६००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १००००० |
| २११३९ अन्य भत्ता | २००००० |
| २२१११ पानी तथा बिजुली | २००००० |
| २२११२ संचार महसुल | ४९५००० |
| २२२११ इन्धन (पदाधिकारी) | ४००००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २५०००० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३००००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १००००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २५०००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १५५०००० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १००००० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १०१४०५ |
| २२४१३ करार सेवा शुल्क | ६३००००० |
| २२५२९ विविध कार्यक्रम खर्च | २५०००० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १५००००० |
| २२६१२ भ्रमण खर्च | ४००००० |
| २२७११ विविध खर्च | १०००००० |
| २८१४२ घरभाडा | १५०००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १५०००० |

| | पुँजीगत, कार्यक्रमगत, क्षेत्रगत विकास खर्च | बजेट |
|---|---|---|
| **१००** | **आर्थिक विकास** | **३३७२३८६०** |
| १०१ | कृषि | १२२७५००० |
| १०२ | उद्योग तथा वाणिज्य | १३८३८५२ |
| १०३ | पर्यटन | ६२८५००८ |
| १०४ | महाशिला विकास स्वयंसेवक | ११८००००० |
| १०५ | सहकारी | ९८०००० |
| १०६ | वित्तिय क्षेत्र | १०००००० |
| **२००** | **सामाजिक विकास तर्फ** | **१५३८१५२८** |
| २०१ | शिक्षा | ७०२५४९६ |
| २०२ | स्वाथ्य | २९५०००० |
| २०३ | खानेपानी तथा सरसफाई | ३८०००० |
| २०४ | सस्कृती प्रर्वधन | ६५०००० |
| २०५ | खेलकुद तथा मनोरञ्जन | १२०५००० |
| २०६ | लैगिक समानता सामाजिक समावेशि करण | १६१६०३२ |
| २०७ | सामाजिक विकृती जाड रक्सि नियन्त्रण | ३००००० |
| २०८ | अन्य सामाजिक पुर्वाधार | १२५५००० |
| **३००** | **पूर्वाधार तर्फ** | **६०३८९१३३** |
| ३०१ | स्थानिय सडक पुल तथा झोलुङ्गे पुल | ५६९७४१३३ |
| ३०२ | खानेपानी | ५०००० |
| ३०३ | भवन तथा सहरी विकास | २५४०००० |
| ३०४ | उर्जा साना तथा लद्यु जलविद्युत्त | २००००० |
| ३०५ | सञ्चार | ३५०००० |
| ३०६ | अन्य पुर्वाधार | २७५००० |
| **४००** | **वातावरण तथा विपद व्यवस्थापन** | **३०८७२३०** |
| **५००** | **सस्थागत विकास सुशासन तथा सेवा प्रवाह** | **१५८१११५** |
| | **अन्तर सरकारी वित्तहस्तान्तरणको जम्मा** | **११४१६२८६६** |
| | **शशर्त तर्फका तोकिएका कार्यक्रमहरू** | **१५५८२००००** |
| | मिलनचोक भोक्सिन सडक (समपुरक संघिय सरकार) | १३६००००० |
| | विशेष अनुदान संघिय सरकार स्वाथ्य चौकि भवन वालकोट, पाखापानी | १२०००००० |
| | मिलनचोक वालाकोट सडक (शशर्त अनुदान प्रदेश सरकार) | ५०००००० |
| | स्वाथ्य चौकि भोक्सिन (विशेष अनुदान प्रदेश सरकार) | ५०००००० |
| | पर्यटन वोर्डवाट तोकिएको योजना | १०००००० |
| | **पुँजीगत जम्मा** | **३१५५८२८६६** |
| | **कुल व्यय जम्मा** | **३४४०१८२२३** |